गाउँबाट शान्ति

चौमासिक बुलेटिन,  संख्या ४, असार २०६७ ( No. 4, July 2010)

# गाउँबाट शान्ति परियोजना निर्देशन समितिको बैठक

नेपाल ग्रामीण पुनर्निर्माण संस्था (आरआरएन)ले नेपालका पूर्वी पहाडी जिल्लाहरू, भोजपुर र संखुवासभामा संचालन गरिरहेको गाउँबाट शान्ति परियोजना (पीवीवी) प्रथम वर्ष सफलतापूर्वक सम्पन्न भएको सन्दर्भमा परियोजना निर्देशन समितिको बैठक यही बैशाख १७ गते काठमाडौंमा सम्पन्न भएको छ । बैठकमा क्यानाडाली अन्तर्राष्ट्रिय सहयोग नियोगका प्रतिनिधिहरू, नेपाल ग्रामीण पुनर्निर्माण संस्थाका पदाधिकारीहरू र गाउँबाट शान्ति परियोजनाका पदाधिकारीहरूको उपस्थितिमा गाउँबाट शान्ति परियोजनाको बार्षिक प्रगति तथा लक्षित परिसूचकहरूको लेखाजोखा गरिएको थियो ।

बैठकमा नेपाल ग्रामीण पुनर्निर्माण संस्था (आरआरएन)का अध्यक्ष डा. अर्जुन



*(बायाँबाट) श्री एड डो, डा. अर्जुन कार्की र श्री तामरा रोमस*

कार्कीले, दुर्गम भेगमा बसोबास गर्ने जनताहरूले गाउँबाट शान्ति परियोजनाका कार्यक्रमहरू द्वन्द्वरत पक्षहरूलाई एउटै ठाउँमा भेला गराई, अन्तरसम्बन्धको विकास तथा मेलमिलापमा बृद्धि गराउने माध्यम भएको र विगतको द्वन्द्वलाई बिर्सेर स्थानीय बासिन्दाहरू रचानात्मक कार्यतिर उन्मुख भएको आफूले पाएको बताउनु भयो । साथै यस परियोजनाको अवधारणा बिस्तारै समुदायमा स्थापित हुँदैगइरहेको र जनताले अन्य परियोजनाभन्दा भिन्न महसुस गर्दै जनसहभागितामा बृद्धि हुँदै गइरहेको तथ्य पनि जानकारी गराउनुभयो ।

यसैगरी, क्यानाडाली अन्तर्राष्ट्रिय सहयोग नियोगकी तामरा रोमस फिगोलले, नेपाल ग्रामीण पुनर्निर्माण संस्था (आरआरएन)को विकास सहायता व्यवस्थापन क्षमता तथा लामो अनुभवको कारण नै क्यानाडाली अन्तर्राष्ट्रिय सहयोग नियोगले यस संस्थासँग साझेदारी गरी परियोजना संचालन गरेको र परियोजना सफलतापूर्वक सम्पन्न हुने कुरामा आफू विश्वस्त रहेको बताउनु भयो । क्यानाडाली अन्तर्राष्ट्रिय सहयोग नियोगका विकास सहायता प्रमुख श्री एड डो, गाउँबाट शान्ति परियोजना गैरसरकारी संस्थाहरूलाई आफ्नो सिकाई अन्य निकायहरूलाई बाँड्नको लागि एक महत्वपूर्ण अवसर भएको बताउनु भयो ।

बैठकमा परियोजना निर्देशक श्री सीमा लुइटेलले प्रथम वर्षको प्रगति विवरण प्रस्तुत गर्दै छलफलमा उठेका सवालहरूको सन्दर्भमा दोस्रो वर्ष अझ प्रभावकारी रूपमा परियोजना गतिविधिहरू संचालन गरिने जानकारी गराउनु भयो । यसैगरी योजना तथा वित्त अधिकृत श्री विमल घिमिरेले दोस्रो वर्षको कार्ययोजना प्रस्तुत गर्नु भएको थियो । प्रस्तुत दोस्रो वर्षको कार्ययोजनालाई छलफल तथा सुझावसहित बैठकले पारित गरेको छ ।

यस अंकमा

- गाउँबाट शान्ति परियोजना निर्देशन समितिको बैठक
- गाउँबाट शान्ति परियोजनाः पहिलो वर्षको उपलब्धी तथा सिकाईहरू
- शान्ति स्थापनाका लागि सरसफाई अभियान
- सामुदायिक भवन निर्माणले गाउँमा अन्तरसम्बन्ध विकास र मेलमिलापमा बृद्धि
- छात्रबृत्तिले ल्याएको खुशी
- द्वन्द्वको पर्खाल भत्काउँदै खोलियो शान्तिको मार्ग
- स्वास्थ्य शिविरले महिलाहरूको आत्मविश्वास बढायो
- गाउँबाट शान्ति परियोजना (पीवीवी) अन्तर्गत सञ्चालित गतिविधिहरू (चैत्र २०६६(जेष्ठ २०६७)

# गाउँबाट शान्ति परियोजनाः पहिलो वर्षको उपलब्धी तथा सिकाईहरू

-सीमा लुइटेल, परियोजना निर्देशक (पीवीवी)



*द्वन्द्व व्यवस्थापनमा स्थानीय अनुभव आदान-प्रदान गर्दै तालिमका सहभागीहरू*

गाउँबाट शान्ति परियोजना क्यानाडाली अन्तर्राष्ट्रिय सहयोग नियोगको आर्थिक सहयोगमा पूर्वी पहाडी जिल्लाहरू, संखुवासभा र भोजपुरमा नेपाल ग्रामीण पुनर्निर्माण संस्था (आरआरएन)द्वारा संचालित परियोजना हो । समुदायमा आधारित जनसंस्थाहरूको द्वन्द्व रुपान्तरण तथा शान्ति निर्माणमा क्षमता विकास तथा परिचालन गर्दै समुदायमा आधारित शान्ति तथा मेलमिलाप व्यवस्थापनको नमूना विकास गर्ने परियोजनाको लक्ष्य रहेको छ ।

परियोजनाको लक्षित वर्गहरूमा द्वन्द्वप्रभावित (प्रत्यक्ष तथा अप्रत्यक्ष), महिला, युवा, बालबालिका तथा गरीब र सिमान्तीकृत पर्दछन् । विकासलाई केन्द्रविन्दू बनाएर शान्ति प्रक्रियालाई सहयोग गर्ने उद्देश्य राखेको यस परियोजनाले आफ्ना हरेक क्रियाकलापलाई शान्तिसँग जोडेर सुरुवात र सम्पन्न गर्दछ । समाजमा विद्यमान आपसी भाइचारा, मेलमिलाप, सह-अस्तित्व र सामाजिक सद्भावलाई बढावा दिई एक आपसमा भएका द्वेष र तिक्तता हटाउनलाई यस परियोजनाले सामाजिक परिचालनलाई एउटा मुख्य रणनीतिको रूपमा लिएको छ भने लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण र वातावरणीय प्रभाव मूल्याङ्कन पनि अन्य प्रमुख रणनीतिहरू हुन् ।

## प्रथम वर्षको उपलब्धीहरू

यहीं २०६६ चैत्र १७ मा परियोजनाले १ वर्षे कार्यकाल सफलताका साथ सम्पन्न भई दोस्रो वर्षमा प्रवेश गरेको छ । परियोजनाको प्रथम वर्षमा कार्य क्षेत्रको आधार तथ्याङ्क सर्बेक्षण, समुदायमा आधारित संस्थाहरूको पहिचान तथा छनौट, परियोजना व्यवस्थापन संरचनाको विकास, कार्यालयहरूको स्थापना, कर्मचारीहरूको नियुक्ति तथा तालिमहरू जस्ता परियोजना संचालन पूर्वतयारीहरू सम्पन्न भएको थियो । साथै स्थानीय समुदायको क्षमता अभिबृद्धि, सचेतना, कार्यविधि तथा निर्देशिका निर्माण, पुनर्निर्माण, राहत तथा जीविकोपार्जन, सहकार्य तथा सञ्जाल निर्माण जस्ता क्रियाकलापहरू पनि सम्पन्न भएको छ ।

स्थानीय समुदायको क्षमता अभिबृद्धि गर्ने सन्दर्भमा परियोजनाले समुदायमा आधारित १५० वटा जनसंस्थाहरूलाई साझेदारी संस्थाको रूपमा छनौट गरी, उनीहरूलाई सहभागितामूलक संस्थागत क्षमता मूल्याङ्कन प्रक्रिया (POCAP) तालिम दिई आफ्नो संस्थाको सबल तथा सुधार गर्नु पर्ने पक्ष पहिचान गर्दै स्थानीय स्रोत पहिचान तथा परिचालन गर्न सहयोग पुऱ्याएको छ । समुदायमा आधारित जनसंस्थाहरूले आफ्नो संस्थाको रणनीतिक योजना, लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण, संस्थागत संरचना, सुशासन, कार्यालय व्यवस्थापन, अन्तरसम्बन्ध तथा स्रोत परिचालनका आधारमा सबल र सुधार गर्नु पर्ने पक्षहरू पहिचान गर्दै आफ्नो संस्थाको क्षमता निरन्तर विकास गर्ने कार्यहरू गरिरहेका छन् र परियोजनाले यस कार्यमा नियमित सहयोग र सल्लाह प्रदान गर्दै आइरहेको छ । यसैगरी शान्ति तथा विकास सचेतना गराउने सन्दर्भमा परियोजनाले नागरिक समाज, समुदायमा आधारित जनसंस्थाहरू, विद्यालयका बालबालिकाहरू, महिला, शान्ति सञ्जालहरू आदि परिचालन गरी छलफल, गोष्ठी, बैठक, भेला आयोजनामार्फत् गाउँबाट शान्तिप्रति प्रतिबद्धता तथा सचेतना बृद्धि गराउने कार्यहरू सम्पन्न गरेको छ । यसै सिलसिलामा परियोजनाले पोष्टर प्रकाशन, भिडियो डकुमेन्ट्री आदि अभियान सामग्रीहरूको निर्माण जस्ता कार्यहरू पनि सम्पन्न गरेको छ ।

पुनर्निर्माण, राहत तथा जीविकोपार्जन सहयोगको सन्दर्भमा, लघुपूर्वाधार योजना, लघुउद्यम विकासमार्फत् जीविकोपार्जन, द्वन्द्वपीडित तथा असाहयलाई मनोसामाजिक परमार्श, राहत सहयोग, छात्रावृत्ति कार्यक्रम जस्ता परियोजनाका प्रथम वर्षका लक्षित कार्यक्रमहरू सम्पन्न भएका छन् । जसअन्तर्गत ७११ जना विद्यार्थीहरूलाई छात्रवृति, १९ जनालाई राहत सामाग्री वितरण, २० जना द्वन्द्वपीडित युवाहरूलाई सीपमूलक तालिम, १७० अगुवा किसानहरूलाई तरकारी खेती तालिम, वीउपुँजी वितरण , ३३ वटा सामुदायिक पूर्वाधारहरू (९ सिचाई, ६ वटा खानेपानी, ११ हेल्थपोष्ट र विद्यालय

भवन, ८ वटा सामुदायिक भवनहरू) निर्माण सम्पन्न भैसकेको छ ।

परियोजनालाई नतीजामूखी बनाउन परियोजनाले लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण रणनीति, तथा तालिम निर्देशिका, शान्ति तथा द्वन्द्व प्रभाव मूल्याङ्कन निर्देशिका, वातावरणीय प्रभाव मूल्याङ्कन निर्देशिका आदि प्रकाशन गरी कार्यान्वयनमा ल्याएको छ । साथै बैठक तथा कार्यशाला गोष्ठीमार्फत् राष्ट्रिय तथा स्थानीय सरोकारवाला संस्थाहरूसँग सिकाई आदानप्रदान, कार्यगत सम्बन्ध स्थापना गर्दै आइरहेकोछ । यसै सिलसिलामा सरकारी तथा गैरसरकारी निकायहरूसँग सहकार्य गर्दै शान्ति सञ्जालहरू निर्माण गरी गाउँघरमा हुने द्वन्द्व, स्थानीय समुदायहरूलाई नै व्यवस्थापन गर्ने क्षमता विकास गर्ने गतिबिधिहरू संचालन गरिरहेको छ ।

## परियोजनाको असर तथा सिकाईहरू

परियोजनाको एकवर्षे उपलब्धीहरूको सर्वेक्षण गर्दा, परियोजना संचालनपश्चात् समुदायमा आधारित जनसंस्थाहरूमध्ये ३० प्रतिशतले आफ्नो संस्थाको संरचना परिवर्तन गरी लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणमैत्री बनाएको पाइएको छ । यसैगरी ३५ प्रतिशत समुदायमा आधारित जनसंस्थाहरू स्थानीय रूपमा लैङ्गिक तथा सामाजिक समस्याहरू समाधान गर्न सक्षम भएका् र यी जनसंस्थाहरूमा महिला सदस्यहरू ६.४ प्रतिशतले बृद्धि भएको पाइएको छ । पूर्वाधार विकास परियोजनाको कारण विभिन्न वर्ग, जात, भाषा, राजनैतिक आस्था राख्ने व्यक्तिहरू बीच भेटघाट, सहकार्य, सहअस्तित्वमा बृद्धि भई समुदायमा मेलमिलपमा बृद्धि तथा छोटो समयको लागि मात्र भएपनि रोजगारीको सिर्जना भएको छ । अधिकांश समुदायमा आधारित जनसंस्थाहरूले आफ्नो संस्थाका योजनाहरू आफै निमार्ण गर्न सक्षम भएका छन् ।



परियोजनाको सहयोगमा सम्पन्न भएको एक सिचाई आयोजना

कार्यक्रम संचालन गर्ने प्रक्रियामा परियोजनाले समुदायमा शान्तिलाई बुझ्ने शान्तिको परिभाषा फरक रहेको ठम्याएको छ । शान्ति भन्नाले घरमा र समाजमा झै-झगडा नहुनु, भेदभावमूलक व्यवहार नगरिनु लगायत लैङ्गिक विभेद नहुनु, भौतिक आधारभूत आवश्यकताहरू परिपूर्ति हुनु (शिक्षा, स्वास्थ्य, रोजगारी आदि) जस्ता कुरालाई समुदायमा शान्तिसँग जोडेर परिभाषित गरेको पाइन्छ । अर्थात् माथि उल्लेखित अवस्थाहरूको अभावमा द्वन्द्व हुने संभावना हुने प्रबल भएकाले यस्ता कुरालाई समयमै सम्बोधन गरिनु जरुरी छ । समुदायमा आधारित जनसंस्थाहरूको क्षमता विश्लेषण र आवश्यकताअनुसार क्षमता अभिबृद्धि गर्नाले ती संघ-संस्थाहरूले आफ्ना आवश्यकता पहिचान गर्ने तथा सोही अनुसारको सहयोग विभिन्न संघ-संस्थाबाट खोज्न सहयोग पुग्ने देखिएको छ । साथै लैङ्गिक समानता र सामाजिक समावेशीकरणमा पनि समुदाय आफै अग्रसर भैरहेको देखिएको छ ।

परियोजनाका प्रकाशनहरू



# सामुदायिक भवन निर्माणले गाउँमा अन्तरसम्बन्ध विकास र मेलमिलापमा बृद्धि

-भगवती शर्मा भण्डारी, लैङ्गिक समानता तथा समावेशीकरण अधिकृत (पीवीवी)



*खाँदबारी, संखुवासभामा नवनिर्मित मिर्मिरे सामुदायिक भवन*

संखुवासभा जिल्लाको खाँदबारी नगरपालिका वडा नं. ५, सेकाहा गुरुङ्ग, दमाई, कामी, नेवार, तामाङ्ग आदि जातजातिको मिश्रित बसोबास रहेको गाउँ हो । यस गाउँमा १६ जना महिलाहरूको सहभागितामा गठन भएको धर्मदेवी समूह पहिलो महिला समूह हो । तर समूहको आफ्नो भवन नभएर बैठक बस्न कहिले कसको घर त कहिले कसको घर धाउनु पर्थ्यो । अर्कोतर्फ घरधनीले घर फोहोर भयो, भत्क्यो भन्ला भन्ने पीर, त्यसमाथि पटक-पटक बैठक बस्नको लागि घरधनीसँग अनुमति माग्दा महिला नेतृहरूको मनमा खिन्नता र अशान्ति बढिरहेको थियो । एकदिन महिलाहरूको बैठकमा भवन निर्माण सम्बन्धमा कुरा उठ्यो । बैठकमा महिलाहरूले गाउँबाट शान्ति परियोजना र खाँदबारी नगरपालिका समक्ष भवन निमार्णको लागि आर्थिक सहयोगको लागि अनुरोध गर्ने निर्णय गरी पत्राचार गऱ्यो ।

गाउँबाट शान्ति परियोजनाका कर्मचारीहरूले संभाव्यता अध्ययन तथा लागत अनुमानपश्चात् आंशिक सहयोग प्रदान गर्ने निर्णय गऱ्यो । फलस्वरुप गाउँबाट शान्ति परियोजनाअन्तरगत आरआरएनको रु. ३,२५,०४८ समुदायको रु. ३,२४,७३९ र नगरपालिकाको प्राविधिक सहयोगमा सामुदायिक भवन निर्माण भयो । भवन बनेपछि अहिले "अर्काको घरमा र खुला आकाशमुनि बैठक बस्नुपर्ने बाध्यताबाट मुक्त भएका छन् महिला समूहका सदस्यहरू ।" गाउँमा हुने सांस्कृतिक कार्यक्रम हुन् वा तालिम, बैठक, भेला र आयआर्जनका गतिविधि अहिले यहीं भवनमा गर्ने गरेका छौं । वास्तवमा सामुदायिक भवन अहिले भेटघाट एवं मेलमिलाप गर्ने स्थान भएको छ । यो काम हामी महिलाको अगुवाई र पुरुषहरूको पनि सहकार्यमा सजिलै सम्पन्न गरियो" भन्नुहुन्छ धर्मदेवी महिला समूहकी अध्यक्ष मुना गुरुङ्ग ।

गाउँबाट शान्ति परियोजानले समुदायको मागअनुसार कार्यक्षेत्रमा ८ वटा सामुदायिक भवनहरू, ९ सिंचाई, ६ वटा खानेपानी, ११ हेल्थपोष्ट र विद्यालय भवन, निमार्ण सम्पन्न गरिसकेको छ । भवन निर्माण तथा व्यवस्थापनको सिलसिलामा विभिन्न द्वन्द्वरत पक्षहरू बीच भेटघाट तथा सहकार्य भै समुदायमा सह-अस्तित्वको भावना विकास भई मेलमिलापमा बृद्धि भएको पाइएको छ ।

# छात्रबृत्तिले ल्याएको खुशी

–मञ्जु विष्ट, सामाजिक परिचालक (पीवीवी)




*परियोजनाद्वारा छात्रावृत्तिको रूपमा प्रदान गरिएको शैक्षिक सामग्रीहरू सहित बालबालिकाहरू*

आँखीभुँई गा.वि.स. वडा नं. ८ बस्ने वीरबहादुर रोक्काको परिवारमा ८ जना सदस्य रहेका छन् । दुई सन्तान जन्मेपछि जेठी श्रीमतीले वीरबहादुरलाई छाडेर अर्को विवाह गरिन् । त्यसैले वीरबहादुर रोक्काले रनमायालाई कान्छी श्रीमतीको रूपमा भित्र्याए । कान्छी श्रीमतीको तर्फबाट चारजना छोराछोरी जन्मिए । रोक्का पारिवारको आर्थिक अवस्था अत्यन्तै नाजुक रहेको छ । जग्गा-जमीनको नाममा थोरै पाखाबारी मात्र भएकोले बिहान-बेलुकीको छाक टार्नको लागि अरुको जग्गामा अधिया खेती तथा बनिबुतो गर्नुपर्ने अवस्था छ । परिवारको ठूलो छोरा भुक्तमान र छोरी रेखालाई विद्यालय भर्ना गरिएको भएतापनि छोरा-छोरीको पढाईको लागि, कापी, कलम, ड्रेस उपलब्ध गराउन पैसाको अभाव भएर वीरबहादुर र रनमाया बीच दिनहुँ घरझगडा हुने गरेको थियो । कापी, कलम, ड्रेसको समस्या र घरको आर्थिक अवस्था नाजुक भएको कारण उनीहरू विद्यालय कहिलेकाहिँ मात्र जाने गर्दथे ।

स्थानीय श्री महेन्द्र ज्योती मा.वि.मा अध्ययनरत भुक्तमान र रेखालाई विद्यालय व्यवस्थापन समितिले उनीहरू द्वन्द्व प्रभावित र पारिवारिक अवस्था कमजोर भएको कारण आर्थिक सहयोग नपाएको खण्डमा विद्यालय छोड्न सक्ने अवस्था रहेको जानकारी गराउदै नेपाल ग्रामीण पुनर्निर्माण संस्था, गाउँबाट शान्ति कार्यक्रम (पीवीवी)लाई छात्रवृत्तिको लागि सिफारिस गरिदियो । विद्यालयको सिफारिसको आधारमा रेखा र भुक्तमानले आरआरएन, गाउँबाट शान्ति कार्यक्रमबाट विद्यालय पोशाक, जुत्ता, झोला, कापी, कलम छात्रवृत्तिको रूपमा प्राप्त गरे । छात्रवृत्ति पाएको भोलिपल्टदेखि नै रेखा निरन्तर विद्यालय आउन थालेकी छन् । नयाँ झोला, विद्यालय पोशाक, जुत्ता, कापी लिएर हँसिलो अनुहारमा रेखा निरन्तर विद्यालय गएको देखेर छिमेकमा अन्य अविभावकहरूले पनि आ-आफ्ना नानीहरूलाई विद्यालय पठाउन थालेका छन् ।

अहिले वीरबहादुर र रनमायालाई छोरा छोरीको लागि पोशाक, जुत्ता, झोला, कापी, कलम किन्न कहाँबाट पैसा जुटाउने भन्ने आपतकालिन समस्या टरेको छ र दिनहुँ हुने वादविवाद पनि कम भएको छ । छोरा-छोरी निरन्तर विद्यालय गएर पढाईमा प्रगति गरेको देखेर रनमाया पनि दङ्ग छिन् । "छात्रवृत्ति पाएपछि अब त निरन्तर विद्यालय पठाउनु पर्छ भन्ने लागेर नानीहरू आफैं हेरेर छोराछोरीलाई पोशाक, जुत्ता, झोला, कापी, कलमसहित सँधै विद्यालय पठाउँछु" भन्नुहुन्छ रेखा रोक्काकी आमा रनमाया रोक्का । शिशु कक्षामा रहेकी रेखा अहिले पास भएर एक कक्षामा पुगेकी छन् र भुक्तमान तीनदेखि पास भएर चार कक्षामा पुगेका छन् । आज रेखा रोक्का विद्यालयमा असल विद्यार्थीको रूपमा परिचित बन्न सफल बनेकी छन् । द्वन्द्व पीडित जनताहरूलाई समाजमा पुनर्बसोबास गर्न तत्कालिन राहत पुऱ्याउने उद्देश्यले रेखा र भुक्तमान जस्तै भोजपुर र संखुवासभामा बसोबास गर्ने करिब ७०० जना गरीब, असाहय तथा द्वन्द्व पीडित बालबालिकाहरूलाई गाउँबाट शान्ति परियोजनाले छात्रवृत्ति प्रदान गरिसकेको छ ।

# द्वन्द्वको पर्खाल भत्काउँदै खोलियो शान्तिको मार्ग

-दिनेशविक्रम श्रेष्ठ, सब-इन्जिनियर (पीवीवी)



*विकास र शान्तिको सवालमा कसैले पनि बाधा नपुऱ्याउने, सहमति गर्दै समुदायका सदस्यहरू*

भोजपुर जिल्लाको सदरमुकामबाट करिब एकदिनको पैदल यात्रापछि पुगिने किमालुङ गाउँमा ग्रामीण कृषि सडक निर्माण हुँदै थियो । निर्माणको क्रममा माटो फ्याँक्दा स्थानीय एक बासिन्दाको करिब २०/३० मुरी आलु फल्ने बारी सबै पुरियो । विकल्प हुँदाहुँदै पहिले सर्भे गरेको ठाउँबाट बाटो नखनेको कारण आफ्नो बारी पुरिएको भनेर पीडित पक्षले बाटो अगाडि बढाउन नदिने अडान राखेपछि उक्त माटो तानिदिने सहमतिमा डोजर अगाडि बढ्यो र निर्धारित योजनाको सडक पूरा भई डोजर फर्कियो । तर पूर्वसहमति भएअनुसार माटो नतानिएपछि पीडित पक्षले बाटोमा पर्खाल लगाएर बाटो बन्द गरायो । त्यसपछि क्रमशः समुदायमा सडक खोल्ने र थुन्ने पक्ष बीच आरोप प्रत्यारोप, गाली गलौच तथा ज्यान मार्ने धम्कीहरू बृद्धि भई द्वन्द्व सृजना भयो । गाउँबाट शान्ति परियोजना पनि उक्त गा.वि.स.मा कार्यरत भएकोले यस्ता स-साना द्वन्द्व व्यवस्थापन गर्न समुदायलाई परियोजनाले सहजीकरण गर्नुपर्छ भन्ने मान्यताअनुसार यस समस्याको समाधान गर्न परियोजनाले सहजीकरणको भूमिका निभाउने तत्परता देखायो ।

यसै सिलसिलामा पहिलो चरणमा घटनाको वस्तुगत अवस्था थाहा पाउनको लागि परियोजनाका कर्मचारीहरूबाट प्रत्यक्षदर्शी र दुबै पक्षसँग छुट्टा-छुट्टै छलफल गरी दुबै पक्षको आवश्यकता पहिचान गर्ने कार्य सम्पन्न भयो । दोस्रो चरणमा आमभेला बोलाई घटनाको पुनःस्मरण गराउदै दुवै पक्षबाट पालैपालो आ-आफ्नो विचार प्रस्तुत गर्न लगाइयो । आ-आफ्नो विचार प्रस्तुत गर्दा एउटा पक्षले बोल्दा अर्को पक्षले ध्यान दिएर सुन्ने र बीचमा अर्को पक्षले नबोल्ने सहमति गराइयो । यसरी लामो समयसम्म छलफल र मन्थन भयो । छलफलमा आफ्नो अनुभव तथा सल्लाह दिएर छलफललाई सहज बनाउन बुढापाकाहरू तथा महिलाहरूका पनि उल्लेखनीय सहभागी भई योगदान गरिरहनु भएको थियो । छलफल लामो भएकाले बीचमा स्थगित गरेर र सा-सानो समूह बनाएर समस्याको समाधान आफै खोज्न परियोजनाका सहकर्ताले सहजीकरण गरेका थिए ।

अन्ततः दुबै पक्षबाट आ-आफ्नो कमजोरी महसुस गरी विकास र शान्तिको सवालमा कसैले पनि बाधा नपुऱ्याउने, मेलमिलाप र सहमतिको आधारमा हातेमालो गर्दै अगाडि बढ्ने सहमति भयो र तत्काल पर्खाल भत्काएर सडक खुलाउने सहमति भयो । त्यसपछि दुबैपक्ष मिली थुनिएको पर्खाल भत्काइयो र पर्खाल भत्काउदै गर्दा एकजना समुदायको दिदीले भन्नुभयो "गाउँबाट शान्तिले साँच्चै शान्तिको वातावरण बनाईदियो, हामी द्वन्द्वको मात्र पर्खाल भत्काउदै छैनौं शान्ति, सहअस्तित्व र मेलमिलापको मार्ग पनि खोल्दैछौं ।"

यस घटनापछि, परियोजनाले सही तरिकाले सहजीकरण गरेको खण्डमा जनताले आफ्नो समस्या आफै समाधान गर्न सक्षम रहेछन् भन्ने महत्वपूर्ण पाठ सिकेको छ । यसै सिकाईको आधारमा विगत एक वर्ष देखि उक्त गा.वि.स.मा गाउँबाट शान्ति परियोजनाले विभिन्न सामाजिक विकास, भौतिक पूर्वाधार तथा जीविकोपार्जनसम्बन्धी क्रियाकलापहरूमा सहयोग गर्दै आइरहेको छ । साथै, स्थानीय समुदायमा देखापर्ने स-साना द्वन्द्व समधान गर्न समुदायहरू आफै सक्षम हुनको लागि विभिन्न शान्ति सञ्जालहरू गठन गरी उनीहरूलाई द्वन्द्व व्यवथापन तथा शान्ति रुपान्तरणसम्बन्धी तालिमहरू संचालन गर्दै शान्ति तथा द्वन्द्व प्रभाव मूल्याङ्कन जस्ता क्षमता अभिबृद्धि गर्ने कार्यहरू संचालन गर्दै आइरहेकोछ ।

# शान्ति स्थापनाका लागि सरसफाई अभियान

–रक्षा निरौला, सामुदायिक स्वास्थ्य अधिकृत (पीवीवी)

विश्व स्वास्थ्य संगठनको एक प्रतिवेदनअनुसार सरसफाई तथा सफा खानेपानीको आधारभूत सुबिधासम्म पनि पहुँच हुन नसक्दा वर्षेनी ५,३००० नेपालीहरूले अकालमा ज्यान गुमाइरहेका छन् । कूल नेपालीहरूमध्ये ४६ प्रतिशतको घरमा मात्र साधारण चर्पी छ । सरसफाईको कमी तथा दुषित खानेपानीका कारण झाडापखाला, हैजा, आउँ-मासी, कमलपित्त, जुका, टाइफाइड आदि जस्ता सामान्य र सजिलै रोकथाम गर्न सकिने रोगहरू नेपालमा अझ व्यापक रूपमा विद्यमान छन् । यी रोगहरू विशेषतया संक्रमित व्यक्तिको दिसापिसाबबाट स्वस्थ व्यक्तिहरूमा खाना, पानी, झिंगा र फोहोर हातका माध्यमबाट सर्दछ ।

गरिबी र चेतनाको अभावमा ग्रामीण समुदायका व्यक्तिहरूले यी रोगहरूको मार बेलाबेलामा महामारीका रूपमा भोग्दै आएका छन् । यही परिप्रेक्ष्यमा सरसफाईको समस्यालाई लक्षित गर्दै आरआरएन गाउँबाट शान्ति परियोजनाद्वारा पूर्वी नेपालको भोजपुर र संखुवासभा जिल्लाका २० वटा गा.वि.स.हरूमा सरसफाई अभियान सुरु गरेको छ । आर्थिक रूपले कमजोर हुनुमात्र शौचालय निमार्णको बाधक होइन । कम खर्च र सरल प्रविधिमा पनि ग्रामीण भेगमा सुलभ शौचालय निर्माण गर्न सकिन्छ भन्ने कुरा आत्मबोध गराउन सकियो भने निश्चय नै खुल्ला दिसामुक्त गाउँको निर्माण हुन सक्छ भन्ने तथ्यलाई आत्मसात गर्दै गा.वि.स. स्थित साझेदार समूह तथा संस्थाहरूको अगुवाइमा गाँउबाट शान्ति परियोजना र स्थानीय स्वास्थ्य संस्थाको समन्वयबाट आधारभूत स्वास्थ्य र सामुदायिक सरसफाईसम्बन्धी चेतनामूलक तालिमहरू, समुदायस्तरमा संचालन भइरहेका छन् । समुदायका महिला, पुरुष, दलित, जनजाति, विपन्न,



*स्वास्थ्य तथा सरसफाई तालिमका सहभागीहरू, बाह्रबिसे, संखुवासभा*

द्वन्द्वपीडित र युवावर्गको सहभागितामा संचालित सचेतनामूलक तालिममा समुदायको सामाजिक नक्सामार्फत् खुल्ला दिसायुक्त क्षेत्रको पहिचानका साथै दिसाको गतिशिलता मापन गरी समुदायका व्यक्तिहरूलाई सरसफाईको समस्याबारे महशुस गराइएको थियो ।

यस अभियानले एकातर्फ सरसफाईका कमीका कारण लाग्ने रोगहरूमा कमी आउन गई व्यक्तिहरूको उत्पादनशिलतामा बृद्धि र जीवनस्तरमा सुधार आउनसक्छ भने अर्कोतर्फ, सरसफाईलाई बोध गर्न जुट्नाले समुदायमा मेलमिलापको वातावरण सृजना भई गाँउबाट शान्ति स्थापनाका लागि योगदन पुऱ्याएको छ ।

## स्वास्थ्य शिविरले महिलाहरूको आत्मविश्वास बढायो

सुत्केरी अवस्थामा राम्रो स्याहार-सुसारको अभाव, गरिबी, लैङ्गिक भेदभाव, छिटो बच्चा जन्माउने जस्ता कारणबाट अधिकांश नेपाली महिलाहरू पाठेघर झर्ने समस्याबाट पीडित बन्दै गएका छन् । संखुवासभा जिल्लाका महिलाहरू पनि यस समस्याबाट अलग छैनन् । गर्भावस्थामा पौष्टिक आहारको कमी र प्रजनन स्वास्थ्यसम्बन्धी चेतनाको अभावले सुत्केरी अवस्थामा गह्रौं काम गर्दा यहाँका महिलाहरूमा पाठेघर झर्ने रोगबाट ग्रसित भएको पाइएको छ । नेपाल ग्रामीण पुनर्निर्माण संस्था गाउँबाट शान्ति परियोजना संखुवासभा तथा जिल्ला स्वास्थ्य कार्यालय संखुवासभा र पूर्वाञ्चल क्षेत्रीय स्वास्थ्य निर्देशनालयको सहकार्यमा वि.सं. २०६६ चैत्र २८ गतेदेखि २०६७ बैशाख ७ गतेसम्म स्वास्थ्य शिबिर संचालन भएपछि पाठेघर झर्ने समस्याबाट पीडित संखुवासभा र छिमेकी जिल्ला भोजपुरका महिलाहरूले राहत पाएका छन् । "धेरै दुःख थियो, सुत्केरी बेलामा पेटभरि खान धौ-धौ भयो । ज्यालामा काम गर्न गएँ, ठूलो भारी बोकेकाले गर्दा यो सास्ती पाएकी थिएँ । अब रोगबाट मुक्ति मिल्ने भयो भन्ने आशा र मनमा आत्मविश्वास बढेको छ ।" यो भनाई शल्यक्रिया सेवा प्राप्त गरेकी महिला तारा रायामाझीको हो । उनी जस्तै १८४ जना महिलाहरूले उक्त स्वस्थ्य शिबिरमा सेवा लिएका थिए । गाउँबाट शान्ति कार्यक्रमको सचेतना कार्यक्रमपश्चात् हिजोका दिनहरूमा जचाउँन लाज र संकोच मान्ने महिलाहरूको सोंचाई र व्यवहारमा परिवर्तन आएको छ । सेवा पाउन आफ्नो अधिकार हो भन्ने कुरा उनीहरूले बुझ्न थालेका छन् ।

प्रस्तुति: ***भगवती शर्मा भण्डारी***

## गाउँबाट शान्ति परियोजना (पीवीवी) अन्तर्गत सञ्चालित गतिविधिहरू (चैत्र २०६६-जेष्ठ २०६७)

| | गतितिधिहरू | स्थान | लाभान्वित संख्या |
|---|---|---|---|
| **तालिम** | द्वन्द्व रुपान्तरण र शान्ति स्थापना | परियोजना क्षेत्र, भोजपुर | **२६७** |
| | समुदायमा आधारित जनसंस्थाहरूको क्षमता विश्लेषण | परियोजना क्षेत्र, भोजपुर | **२५०** |
| | कार्ययोजना तर्जुमा | परियोजना क्षेत्र, भोजपुर | ५४३ |
| | मानवअधिकारमुखी विकासको अवधारणा | तिवारीभन्ज्याङ गा.वि.स. भोजपुर | ३६ |
| | आधारभूत स्वास्थ्य र सामुदायिक सरसफाई | चरम्बी र किमालुङ्ग गा.वि.स., भोजपुर | **१५०** |
| | सामुदायिक मनोसामाजिक कार्यकर्ता | परियोजना क्षेत्र भोजपुर | १२ |
| | लैङ्गिक समानता, सामाजिक समावेशिकरण तथा पुनर्एकिकरण | मत्स्यपोखरी, मकालु र आँखिभुई गा.वि.स., संखुवासभा | ७७ |
| | मानवअधिकारमूखी विकास अवधारणा | नुम, मस्त्यपोखरी र खाँदबारी नगरपालिका संखुवासभा | ९८ |
| | द्वन्द्व व्यवस्थापन, पुनर्मिलन तथा शान्ति स्थापना | परियोजना क्षेत्र संखुवासभा | ३२७ |
| | व्यवसायिक बंगुरपालन व्यवस्थापन | मत्स्यपोखरी गा.वि.स, संखुवासभा | २० |
| | आधारभूत स्वास्थ्य तथा सरसफाई | बाह्रबिसे, धुपू, खराङ्ग गा.बि.स र खाँदबारी नगरपालिका संखुवासभा | १५० |
| | सामुदायिक मनोसामाजिक कार्यकर्ता | परियोजना क्षेत्र, संखुवासभा | २१ |
| **पूर्वाधार निर्माण** | खानेपानी योजना सम्पन्न | खराङ गा.वि.स, वडा नं. ६, संखुवासभा | २३ |
| | सामुदायिक भवन निर्माण सम्पन्न | खराङ गा.वि.स, वडा नं. ६ संखुवासभा, | २३ जनाका |
| | सिंचाई कुलो निर्माणाधीन | खाँदबारी न.पा., संखुवासभा | ५७ घरधुरी |
| | सिंचाई कुलो मर्मत सम्पन्न | धुपू-५, संखुवासभा | २९ घरधुरी |
| **सहयोग सचेतना** | शान्ति सञ्जाल**को गठन** | परियोजना क्षेत्र | |
| | खाद्य तथा गैह्रखाद्य सामाग्री वितरण | परियोजना क्षेत्र भोजपुर र संखुवासभा | ८ |
| | द्वन्द्व र शान्ति सम्बन्धी अर्न्तक्रिया गोष्ठी | प्याउली, चरम्बी, बोया र जरायोटार गा.वि.स., भोजपुर | **९०** |
| | र्‍याली र निबन्ध प्रतियोगिता | भोजपुर | **३०** |
| | निःशुल्क स्वास्थ्य शिबिर | खाँदबारी अस्पताल, संखुवासभा | १८४ |
| | शैक्षिक सामाग्री सहयोग | मकालु र धुपू गा.वि.स, संखुवासभा | ९० |
| | घुम्तीकोष सहयोग | परियोजना क्षेत्र भोजपुर र संखुवासभा | **२८** |
| | विपन्न तथा द्वन्द्व प्रभावित सहयोग | परियोजना क्षेत्र भोजपुर र संखुवासभा | २५ |
| | बीउ पुँजी सहयोग कार्यक्रम | खाँदबारी, खराङ र धुपु गा.वि.स, संखुवासभा | १९ |
| | शान्ति सञ्जाल अन्तरक्रिया | खाँदबारी न.पा., संखुवासभा | ६६ |

गाउँबाट शान्ति कार्यक्रमका लागि नेपाल ग्रामीण पुनर्निर्माण संस्था (आरआरएन) द्वारा प्रकाशित चौमासिक बुलेटिन

**सम्पर्क ठेगानाः**
**नेपाल ग्रामीण पुनर्निर्माण संस्था (आरआरएन)**
पो.ब.नं. ८१३०, २८८ गैरीधारा, काठमाडौं, नेपाल ।
फोनः ४००४९७६, ४००४९८५, फ्याक्सः ४००४५०८
इमेलः rrn@rrn.org.np वेबसाइटः www.rrn.org.np
**कार्यक्रम सम्पर्क कार्यालयः** संखुवासभा, फोन : ०२९-५७५११४ / भोजपुर, फोन : ०२९-४२०५१५/४२००५७

"गाउँबाट शान्ति **(Peace Building from Below-PBB)**' क्यानाडाली अन्तर्राष्ट्रिय विकास संस्था (Canadian International Development Agency-CIDA) को सहयोगमा नेपाल ग्रामीण पुनर्निर्माण संस्था (आरआरएन) द्वारा पूर्वाञ्चलका पहाडी जिल्लाहरू- भोजपुर र संखुवासभामा संचालित एक कार्यक्रम हो । यस कार्यक्रमको मुख्य उद्देश्य जीविकोपार्जन, मानवीय सहयोग, भौतिक पूर्वाधार तथा अन्य शान्ति निर्माणसँग सम्बन्धित क्रियाकलापहरूद्वारा समुदायमा आधारित संघ-संस्थाहरूलाई शान्ति स्थापना र द्वन्द्व व्यवस्थापनमा अग्रसर गराई दिगो शान्ति स्थापनामा सहयोग पुर्‍याउनु रहेको छ ।